# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ सहायकस्तर पाँचौ र चौथो तहका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २२८/२०८०-८१, मिति २०८०/१२/०५ गते सोमबार**

प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरुमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ। सेवाका शर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ९/२०८०-८१ | खुला | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | ५ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, हाइवे | १ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | ४ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, इरिगेसन | २ |
| | | | खा.पा.स.टे. | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | ४ |
| | | | जम्मा | | | १६ |
| २ | १०/२०८०-८१ | आ.ज. | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | २ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, हाइवे | १ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, इरिगेसन | १ |
| | | | खा.पा.स.टे. | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| | | | जम्मा | | | ८ |
| ३ | ११/२०८०-८१ | महिला | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | १ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, इरिगेसन | १ |
| | | | खा.पा.स.टे. | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| | | | जम्मा | | | ४ |
| ४ | १२/२०८०-८१ | दलित | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | १ |
| | | | | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| | | | खा.पा.स.टे. | | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| | | | जम्मा | | | ३ |
| ५ | १३/२०८०-८१ | खुला | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | ३ |
| ६ | १४/२०८०-८१ | आ.ज. | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | १ |
| ७ | १५/२०८०-८१ | महिला | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | १ |
| ८ | १६/२०८०-८१ | दलित | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | १ |
| ९ | १७/२०८०-८१ | खुला | ल्याब टेक्निसियन | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | ३ |
| १० | १८/२०८०-८१ | आ.ज. | ल्याब टेक्निसियन | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | १ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| ११ | १९/२०८०-८१ | महिला | ल्याब टेक्निसियन | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | १ |
| १२ | २०/२०८०-८१ | खुला | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, इलेक्ट्रिकल, ज.इ.इ. | १ |
| १३ | २१/२०८०-८१ | खुला | प्राविधिक सहायक | ५ | प्रदेश कृषि, कृषि प्रसार | १ |
| | | | | | प्रदेश कृषि, एगृ.इको. एण्ड मार्केटिङ | १ |
| | | | जम्मा | | | २ |
| १४ | २२/२०८०-८१ | आ.ज. | प्राविधिक सहायक | ५ | प्रदेश कृषि, कृषि प्रसार | १ |
| १५ | २३/२०८०-८१ | खुला | पशु सेवा प्राविधिक | ५ | प्रदेश कृषि, ला.पो. एण्ड डे.डे. | १ |
| | | | पशु स्वास्थ्य प्राविधिक | ५ | प्रदेश कृषि, भेटेरिनरी | १ |
| | | | प्राविधिक सहायक | ५ | प्रदेश कृषि, फिसरिज | १ |
| | | | जम्मा | | | ३ |
| १६ | २४/२०८०-८१ | आ.ज. | पशु सेवा प्राविधिक | ५ | प्रदेश कृषि, ला.पो. एण्ड डे.डे. | १ |
| | | | प्राविधिक सहायक | ५ | प्रदेश कृषि, फिसरिज | १ |
| | | | जम्मा | | | २ |
| १७ | २५/२०८०-८१ | खुला | सहायक | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ६ |
| १८ | २६/२०८०-८१ | आ.ज. | सहायक | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | २ |
| १९ | २७/२०८०-८१ | महिला | सहायक | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| २० | २८/२०८०-८१ | दलित | सहायक | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| २१ | २९/२०८०-८१ | खुला | महिला विकास निरीक्षक | ५ | प्रदेश प्रशासन, विविध | १ |
| २२ | ३०/२०८०-८१ | खुला | तथ्याङ्क सहायक | ५ | प्रदेश प्रशासन, विविध | १ |
| २३ | ३१/२०८०-८१ | खुला | प्राविधिक सहायक | ५ | प्रदेश शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ६ |
| २४ | ३२/२०८०-८१ | आ.ज. | प्राविधिक सहायक | ५ | प्रदेश शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | २ |
| २५ | ३३/२०८०-८१ | महिला | प्राविधिक सहायक | ५ | प्रदेश शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | २ |
| २६ | ३४/२०८०-८१ | दलित | प्राविधिक सहायक | ५ | प्रदेश शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १ |
| २७ | ३५/२०८०-८१ | खुला | पब्लिक हेल्थ नर्स | ५ | प्रदेश स्वास्थ्य, कम्यूनिटी नर्सिङ | १ |
| २८ | ३६/२०८०-८१ | आ.ज. | पब्लिक हेल्थ नर्स | ५ | प्रदेश स्वास्थ्य, कम्यूनिटी नर्सिङ | १ |
| २९ | ३७/२०८०-८१ | खुला | ल्याब टेक्निसियन | ५ | प्रदेश स्वास्थ्य, मे.ल्या.टे. | १ |
| ३० | ३८/२०८०-८१ | खुला | खा.पा.स.टे. | ४ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | ४ |
| ३१ | ३९/२०८०-८१ | आ.ज. | खा.पा.स.टे. | ४ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| ३२ | ४०/२०८०-८१ | महिला | खा.पा.स.टे. | ४ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| ३३ | ४१/२०८०-८१ | दलित | खा.पा.स.टे. | ४ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| ३४ | ४२/२०८०-८१ | खुला | एशोसिएसन अर्गनाइजर | ४ | प्रदेश इञ्जिनियरिङ, एगृ इरिगेसन इञ्जिनियरिङ | ३ |
| ३५ | ४३/२०८०-८१ | आ.ज. | एशोसिएसन अर्गनाइजर | ४ | प्रदेश इञ्जिनियरिङ, एगृ इरिगेसन इञ्जिनियरिङ | १ |
| ३६ | ४४/२०८०-८१ | महिला | एशोसिएसन अर्गनाइजर | ४ | प्रदेश इञ्जिनियरिङ, एगृ इरिगेसन इञ्जिनियरिङ | १ |
| ३७ | ४५/२०८०-८१ | खुला | नायव पशु सेवा प्राविधिक | ४ | प्रदेश कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | प्रदेश कृषि, भेटेरिनरी | ३ |
| | | | जम्मा | | | ४ |
| ३८ | ४६/२०८०-८१ | आ.ज. | नायव पशु सेवा प्राविधिक | ४ | प्रदेश कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | प्रदेश कृषि, भेटेरिनरी | १ |
| | | | जम्मा | | | २ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| ३९ | ४७/२०८०-८१ | महिला | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | प्रदेश कृषि, भेटेरिनरी | १ |
| ४० | ४८/२०८०-८१ | खुला | सहायक | ४ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ५ |
| ४१ | ४९/२०८०-८१ | आ.ज. | सहायक | ४ | प्रदेश प्रशासन, सामान्य प्रशासन | २ |
| ४२ | ५०/२०८०-८१ | महिला | सहायक | ४ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| ४३ | ५१/२०८०-८१ | दलित | सहायक | ४ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| ४४ | ५२/२०८०-८१ | खुला | कोल्ड चेन असिस्टेन्ट | ४ | प्रदेश स्वास्थ्य, हेल्थ इन्सपेक्सन | १ |

परीक्षाको किसिमः- लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

लिखित परीक्षा कार्यक्रमः-

| क्र.स. | सेवा | समूह/ उपसमूह | तह | पद | लिखित परीक्षा मिति र समय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चरण | | द्वितीय चरण |
| | | | | | प्रथम पत्र | द्वितीय पत्र | |
| १ | प्रदेश इञ्जिनियरिङ | सिभिल/जनरल, हाइवे, स्यानिटरी, इरिगेसन, | ५ | **सब- इञ्जिनियर / खा.पा.स.टे.** | २०८१/०१/२९ बिहान ७:३० बजे | — | २०८१/०४/१९ दिनको १:०० बजे |
| २ | प्रदेश इञ्जिनियरिङ | वि. एण्ड आ. | ५ | **सब- इञ्जिनियर** | २०८१/०२/०५ बिहान ७:३० बजे | २०८१/०२/०५ दिनको १:०० बजे | — |
| ३ | प्रदेश इञ्जिनियरिङ | सिभिल/जनरल | ५ | **ल्याब टेक्निसियन** | २०८१/०२/०७ बिहान ७:३० बजे | २०८१/०२/०७ दिनको १:०० बजे | — |
| ४ | प्रदेश इञ्जिनियरिङ | इलेक्ट्रिकल इञ्जिनियरिङ /ज.इ.इ | ५ | **सब- इञ्जिनियर** | २०८१/०२/१० बिहान ७:३० बजे | २०८१/०२/१० दिनको १:०० बजे | — |
| ५ | प्रदेश कृषि | कृषि प्रसार, एगृ. इको एण्ड मार्केटिङ | ५ | **प्राविधिक सहायक** | २०८१/०२/१२ बिहान ७:३० बजे | — | २०८१/०४/१७ दिनको १:०० बजे |
| ६ | प्रदेश कृषि | ला.पो. एण्ड डे. डे., भेटेरिनरी, फिसरिज | ५ | **पशु सेवा/पशु स्वास्थ्य प्राविधिक/ प्राविधिक सहायक** | २०८१/०२/१५ बिहान ७:३० बजे | — | २०८१/०४/१५ दिनको १:०० बजे |
| ७ | प्रदेश प्रशासन | सामान्य प्रशासन | ५ | **सहायक** | २०८१/०२/१९ बिहान ७:३० बजे | — | २०८१/०४/२६ दिनको १:०० बजे |
| ८ | प्रदेश प्रशासन | विविध | ५ | **महिला विकास निरीक्षक** | २०८१/०२/२१ बिहान ७:३० बजे | | २०८१/०४/२१ दिनको १:०० बजे |
| ९ | प्रदेश प्रशासन | विविध | ५ | **तथ्याङ्क सहायक** | २०८१/०२/२३ बिहान ७:३० बजे | २०८१/०२/२३ दिनको १:०० बजे | — |
| १० | प्रदेश शिक्षा | शिक्षा प्रशासन/ निरीक्षण | ५ | **प्राविधिक सहायक** | २०८१/०२/२६ बिहान ७:३० बजे | — | २०८१/०५/०१ दिनको १:०० बजे |
| ११ | प्रदेश स्वास्थ्य | कम्यूनिटी नर्सिङ | ५ | **पब्लिक हेल्थ नर्स** | २०८१/०२/२८ बिहान ७:३० बजे | — | २०८१/०४/२८ दिनको १:०० बजे |
| १२ | प्रदेश स्वास्थ्य | मे.ल्या.टे. | ५ | **ल्याब टेक्निसियन** | २०८१/०२/३० बिहान ७:३० बजे | २०८१/०२/३० दिनको १:०० बजे | — |
| १३ | प्रदेश इञ्जिनियरिङ | स्यानिटरी | ४ | **खा.पा.स.टे.** | २०८१/०३/०१ बिहान ७:३० बजे | — | २०८१/०४/३० दिनको १:०० बजे |
| १४ | प्रदेश इञ्जिनियरिङ | एगृ. इरिगेशन इञ्जिनियरिङ | ४ | **एशोसिएसन अर्गनाइजर** | २०८१/०३/१५ बिहान ७:३० बजे | २०८१/०३/१५ दिनको १:०० बजे | |

| क्र.स. | सेवा | समूह/ उपसमूह | तह | पद | लिखित परीक्षा मिति र समय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चरण | | द्वितीय चरण |
| | | | | | प्रथम पत्र | द्वितीय पत्र | |
| १५ | प्रदेश कृषि | ला.पो. एण्ड डे.डे., भेटेरिनरी | ४ | **नायब पशु सेवा/ नायब पशु स्वास्थ्य प्राविधिक** | २०८१/०३/०५ बिहान ७:३० बजे | — | २०८१/०५/०३ दिनको १:०० बजे |
| १६ | प्रदेश प्रशासन | सामान्य प्रशासन | ४ | **सहायक** | २०८१/०३/०८ बिहान ७:३० बजे | — | २०८१/०५/०८ दिनको १:०० बजे |
| १७ | प्रदेश स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ४ | **कोल्ड चेन असिस्टेन्ट** | २०८१/०३/११ बिहान ७:३० बजे | २०८१/०३/११ दिनको १:०० बजे | — |

परीक्षा केन्द्रः- प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

परीक्षा दस्तुरः-

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका |
|---|---|---|
| पाँचौ | रु. ७००।- | रु. २०० |
| चौथो | रु. ५००।- | रु. १५० |

दरखास्त दिने अन्तिम मितिः- २०८०/१२/२५ गते र दोब्बर दस्तुर तिरी २०८१/०१/०२ गतेसम्म।

दरखास्त दस्तुर बुझाउने स्थान र विधिः- दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरि तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

दरखास्त दस्तुर बुझाउने अवधिः- ढिलोमा २०८१/०१/०३ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

दरखास्तको माध्यमः- विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

उम्मेदवारको उमेरको हदः- २०८०/१२/२५ गतेसम्म १८ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। **दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलवः- प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम योग्यताः

**खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

२. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

३. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

४. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

५. **खा.पा.स.टे., तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

६. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, वि.एण्ड आ. उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

७. **ल्याब टेक्निसियन, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र वा सो सरह उपाधि प्राप्त गरी एक महिना स्वायल ल्याबोरेटोरी टेक्निसियनको तालिम प्राप्त।

८. **सब-इञ्जिनियर, तह ५, प्रदेश इञ्जिनियरिङ सेवा, इलेक्ट्रिकल इञ्जिनियरिङ समूह, जनरल इलेक्ट्रिकल इञ्जिनियरिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इलेक्ट्रिकल इञ्जिनियरिङ विषयमा प्रमाणपत्र तह/ डिप्लोमा वा सो सरह उत्तीर्ण।

९. **प्राविधिक सहायक, तह ५, प्रदेश कृषि सेवा, कृषि प्रसार समूहः** कृषि विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ. एस्सी. एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टी. एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ बर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण।

१०. **प्राविधिक सहायक, तह ५, प्रदेश कृषि सेवा, एगृ.इको. एण्ड मार्केटिङः** कृषि विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टि. एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ बर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।

११. **पशु सेवा प्राविधिक, तह ५, प्रदेश कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूहः** पशु विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ. एस्सी. एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टी. एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ बर्ष अवधिको पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण।

१२. **पशु स्वास्थ्य प्राविधिक, तह ५, प्रदेश कृषि सेवा, भेटेरीनरी समूहः** पशु विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ. एस्सी. एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टी. एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ बर्ष अवधिको पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमामा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण।

१३. **प्राविधिक सहायक, तह ५, प्रदेश कृषि सेवा, फिसरिज समूहः** कृषि वा पशु विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ. एस्सी. एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टी. एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ बर्ष अवधिको कृषि वा पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञान विषयमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण।

१४. **सहायक, तह ५, प्रदेश प्रशासन, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१५. **महिला विकास निरीक्षक, तह ५, प्रदेश प्रशासन, विविध समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१६. **तथ्याङ्क सहायक, तह ५, प्रदेश प्रशासन, विविध समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट विकास योजना वा क्षेत्रीय विकास योजना वा भूगोल वा विकास प्रशासन वा अर्थशास्त्र वा समाजशास्त्र वा पब्लिक पोलिसि एण्ड एडमिनिष्ट्रेशन वा तथ्याङ्कशास्त्र वा गणित विषयहरु मध्ये कुनै एक मूल विषय लिई स्नातक वा वाणिज्यशास्त्र वा व्यवस्थापनमा स्नातक वा सो सरह उतीर्ण।

१७. **प्राविधिक सहायक, तह ५, प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण।

१८. **पब्लिक हेल्थ नर्स, तह ५, प्रदेश स्वास्थ्य सेवा, कम्यूनिटी नर्सिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थावाट प.हे.न वा नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।

१९. **ल्याब टेक्निसियन, तह ५, प्रदेश स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूहः** मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्यावमा प्रमाण पत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी उत्तीर्ण गरी ल्याव टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण।

२०.**खा.पा.स.टे., तह ४, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ बर्षको अनुभव प्राप्त।

२१.**एशोसिएसन अर्गनाइजर, तह , प्रदेश इञ्जिनियरिङ सेवा, एगृ इरिगेसन इञ्जिनियरिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त।

२२.**नायव पशु सेवा प्राविधिक, तह ४, प्रदेश कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उतीर्ण गरी न्यूनतम एक बर्षे जे. टि. ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन/ पशु स्वास्थ्य) विषय लिई  टि.एस.एल.सी. उत्तीर्ण।

२३.**नायव पशु स्वास्थ्य प्राविधिक, तह ४, प्रदेश कृषि सेवा, भेटेरीनरी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उतीर्ण गरी न्यूनतम एक बर्षे जे. टि. ए. पशु विज्ञान (पशु पालन/ पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन/ पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।

२४.**सहायक, तह ४, प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी) वा सो सरह उत्तीर्ण

२५.**कोल्ड चेन असिस्टेन्ट, तह ४, प्रदेश स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात प्रवेशिका परीक्षा (एस.एल.सी वा सो सरह) उतीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उतीर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D$^{+}$ र C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।**

## खुला तथा समावेशी परीक्षाको लागि सूचनाः

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरुका लागि प्रथम चरणमा उतीर्ण गरेका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणमा सहभागी गराइने छ।
३. तीन चरणमा हुने परीक्षा तर्फ प्रथम चरण (First Phase) को परीक्षामा उतीर्ण हुनको लागि प्रथम चरणको परीक्षाको पूर्णाङ्कको ४० (चालिस) प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ। प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शतप्रतिशत अंक द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्कमा जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
४. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
५. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
६. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
७. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उतिर्ण भएको सवै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
८. सवै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

**द्रष्टव्यः**

**क) प्रदेश स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरुमा दरखास्त दिन सम्बन्धित व्यवसायीक परिषद्‌मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

**ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।**

**घ) महिला विकास तर्फका पदहरुका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन।**

ङ) समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त स्वीकृत गरिने छैन (प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिम)।

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपूगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्विकृत गरिने छैन।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवम् खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

झ) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

ञ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ट) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**ठ) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरीसकेपछि पूनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरु छनौट गर्नु पर्नेछ।**

ड) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ढ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ण) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।